# सिद्धार्थ बैंक लिमिटेडको

# सत्रौं वार्षिक साधारण सभाको

# कामकारवाहीको विवरण (माइन्युट)

## १. सभाको काम कारवाही:

मिति २०७५ साल पौष महिना २३ गते तद्नुसार ०७ जनवरी २०१९ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको सत्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा सम्पन्न भयो । बैंकको सत्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

## २ सभाको मिति, समय र स्थान:

मिति : २०७५ साल पौष महिना २३ गते सोमबार (तद्नुसार ०७ जनवरी २०१९)

स्थान : राष्ट्रिय सभागृह, प्रर्दशनी मार्ग, काठमाण्डौं

समय : बिहान ११:०० वजे देखि अपरान्ह २:३० बजे सम्म ।

## ३. सभाको सूचना र सूचना प्रकाशन मिति:

बैंकको मिति २०७५ साल मंसिर २० गते (तदनुसार ०६ डिसेम्बर २०१८) गतेका दिन बसेको सञ्चालक समितिको ३०५औं बैठकको निर्णयानुसार बोलाईएको यस सत्रौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम सत्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७५ पौष १ गतेको कारोबार राष्ट्रिय दैनिक तथा २०७५ पौष १५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

## ४. सभामा उपस्थिति:

### ४.१. संचालकहरुको उपस्थिति:

| | |
|---|---|
| (१) श्री मनोज कुमार केडिया | अध्यक्ष |
| (२) श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| (३) श्री बिरेन्द्रकुमार शाह | संचालक |
| (४) श्री दिनेश शंकर पालिखे | संचालक |
| (५) श्री राजेश कुमार केडिया | संचालक |

### ४.२. पर्यवेक्षकको उपस्थिति :

(१) श्री सुनिर कुमार ढुंगेल, साझेदार- श्री एसएआर एसोसिएटस्, चार्टड एकाउण्टेण्ट्स

(२) श्री सबिन बुढाथोकी, प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.

### ४.३. पदाधिकारीहरुको उपस्थिती

| | |
|---|---|
| (१) श्री शम्भु नाथ गौतम | प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री सुन्दर प्रसाद कडेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| (४) श्री रामेश्वर प्रसाद बस्याल | सहायक प्रमुख कार्यकारी अधिकृत |

(५) श्री शेर बहादुर बुढाथोकी — वरिष्ठ नायब महाप्रबन्धक
(६) श्री अर्जुन भद्र खनाल — प्रमुख-साना तथा मझौला एवं उपभोक्ता कर्जा
(७) श्री सृजन कृष्ण मल्ल — प्रमुख- सूचना प्रविधि
(८) श्री सुरेशराज महर्जन — प्रमुख- बिजनेश सपोर्ट / पेमेण्ट सोलुसन्स्
(९) श्रीमती शैलजा ज्ञवाली — प्रमुख- एकिकृत जोखिम व्यवस्थापन
(१०) श्री पंकज पन्त — प्रमुख- मानव संशाधन/ विप्रेषण
(११) श्री भोलानाथ ढुंगाना — प्रमुख- कानुन
(१२) श्री ज्ञानेन्द्र कार्की — प्रमुख-सामान्य प्रसाशन
(१३) श्री लक्ष्मण घिमिरे — कम्पनी सचिव
(१४) श्री निराकर बहादुर सिंह — प्रमुख- आन्तरिक लेखापरिक्षण
(१४) श्री प्रमेश श्रेष्ठ — प्रबन्धक-वित्त तथा लेखा

## ५. सभाको गणपुरक संख्या:

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| ८,४६,४३,८५२.७६ | ४,९६,४३,६२० | ३७० | १५५ | ५२५ | ५८.६५ |

## ६. सभाको विषयसूची तथा प्रस्तावहरु:

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी “सिद्धार्थ क्यापिटल लि.” को आ.व.२०७४/७५ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७५/७६ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस्, चार्टड एकाउण्टेण्ट्स पुन: नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु. ८,४६,४३,८५,२७६ को ८.१६ प्रतिशतका दरले रु. ६९,०६,९३,८३८ (अक्षरेपी उनान्सत्तरी करोड छ लाख त्रियानब्बे हजार आठ सय अडतिस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।



SiddharthaBank

(ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. ८,४६,४३,८५,२७६ को ५ प्रतिशतका दरले हुने रु. ४२,३२,१९,२६४ (अक्षरेपी बयालीस करोड बत्तिस लाख उन्नाइस हजार दुई सय चौसठ्ठी रुपैंया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । साथै, सो अनुसार बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने र सो का कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हदसम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।
२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप गर्ने ।
३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
४. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने ।

(ग) विविध

## ७. सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको सत्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या ५२५ (प्रोक्सी समेत) एवं कुल शेयरको ५८.६५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी ऐन २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले यस सत्रौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

SiddharthaBank

## ९.अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुतिः

साधारण सभाको निर्धारित विषय सूची १ मा समावेश गरिएको बैंकको संचालक समितिको प्रतिवेदनको महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त सन्देश सहित बैठकको अध्यक्षता गरिरहनुभएका संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको संचालक समितिको प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरुमा सभामा छलफलका लागि पेश गर्नु भयो ।

## १०.छलफलको लागि आह्वानः

संचालक समितिको प्रतिवेदन प्रस्तुत भइसकेपश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्नलिखित १९ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने वक्ताहरु मध्ये श्री नरसिंह लाल चंखु, डा. माधव कुमार श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ र श्री दिवाकर खड्काज्युले लिखित मन्तव्य उपलब्ध गराउनु भएको थियो ।

१. श्री शत्रुधन श्रेष्ठ
२. श्री अमृतनाथ रेग्मी
३. अधिवक्ता श्री अशोक उप्रेती
४. डा.सुन्दरलाल श्रेष्ठ
५. श्री व्यास कुमार शर्मा
६. श्री भक्ति प्रसाद उप्रेती
७. श्री नरसिंह लाल चंखु
८. श्री शिव प्रसाद पौडेल
९. श्री डमरु बल्लभ घिमिरे
१०. डा.माधव कुमार श्रेष्ठ
११. श्री दामोदर प्रसाद रेग्मी
१२. श्री उद्धव प्रसाद घिमिरे
१३. श्री जयन्द्र मान सिंह बानिया
१४. श्री शिव प्रसाद शर्मा
१५. श्री कृष्ण प्रसाद अधिकारी
१६. श्री लवराज जोशी
१७. श्री चन्द्र नारायण श्रेष्ठ
१८. श्री राम गोपाल महर्जन
१९. श्री दिवाकर खड्का

उपरोक्त वक्ता शेयरधनीहरुबाट प्रस्तुत गरिएका जिज्ञासा, राय, सल्लाह र सुझावहरु संक्षेपमा देहाय अनुसार उल्लेख गरिएको छ ।

## १. श्री शत्रुधन श्रेष्ठ

शेयरधनी श्री श्रेष्ठले बैंकले ५% बोनस तथा ८.१६ प्रतिशत नगद लाभांश बाँड्न लागेकोमा तथा शाखा सञ्जाल बढाएकोमा धन्यवाद दिनुभयो । निक्षेप तथा कर्जाको वृद्धि राम्रो रहेको बताउदै अर्को वर्ष कम्तीमा बैंकले १८ प्रतिशत लाभांश/बोनश दिन सकोस भनी शुभकामना प्रदान गर्नुभयो ।

## २. श्री अमृतनाथ रेग्मी

शेयरधनी श्री रेग्मीले संचालक, प्रमुख कार्यकारी अधिकृत र सम्पुर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको वित्तीय विवरण NFRS अनुरुप तयार पार्दा बैंकलाई के कस्ता फाईदा भयो, कठिनाईहरु आइपरे सो सम्बन्धी कुराहरु अध्यक्षज्यूको रिर्पोटमा उल्लेख गर्नुपर्ने, वार्षिक प्रतिवेदन आधी अंग्रेजीमा आधी नेपालीमा नभई पुर्ण रुपमा नेपालीमा हुनु पर्ने, संचालकको प्रतिवेदनमा दुइजना संचालकको नाम एवं हस्ताक्षर हुनुपर्ने, बैंकमा Research & Development Wing राख्नुपर्ने लगायतका सुझावहरु दिनुभयो । उहाँले Export Oriented Product/ Industry लाई Promote गर्नुपर्ने, Unique र Universal Banking Approach मा बैंक जानुपर्ने बताउनु भयो । बैंकले चालु आ.व.मा रु. २ अर्ब ७५ करोडको खुद नाफा पुऱ्याउनुपर्ने, Cost of Fund लाई ५-६% मा राख्न पहल गर्नु पर्ने सुझाव दिनुभयो । बैंकले पञ्च वर्षिय रणनीति ल्याउनु पर्ने तथा रु. ५० करोडसम्म खुद नाफा कमाउने संस्थालाई Merge/Acquire गर्नु पर्ने सुझाव दिनुभयो ।

## ३. अधिवक्ता श्री अशोक उप्रेती

शेयरधनी श्री उप्रेतीले समिक्षा अवधिमा बैंकले प्राय हरेक क्षेत्रमा २५%-३०% को वृद्धि गरेकोमा अध्यक्ष तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । प्रमुख कार्यकारी अधिकृत क्षमतावान्, शेयरधनीहरुलाई उपयुक्त समय तथा सम्मान दिन सकेको भन्दै प्रशंसाको पात्र रहेको बताउनु भयो । संस्थामा Brain drain नहुने गरी लामो समयसम्म Employee Motivate गराई Retain गराउनु पर्ने, NPA सन्तोषजनक रहेको तथापी अझ घटाई लैजानु पर्ने सुझाव दिनुभयो । वार्षिक साधारण सभामा शेयरधनीहरुको उपस्थिति बढाउनुपर्ने, बैकमा Positive Attitude का साथ कार्य सम्पादन भैरहेको कुरा जानकारी गराउँदै बैंकको थप उन्नती प्रगतीको कामना गर्नु भयो ।

## ४. डा.सुन्दरलाल श्रेष्ठ

शेयरधनी डा.श्रेष्ठले वार्षिक साधारण सभाको लागि प्रोक्सी नियुक्त गरेको कुनै शेयरधनीले प्रोक्सी हटाई स्वयं उपस्थित हुन चाहेमा ४८ घण्टा अगावै आवेदन दिनुपर्ने नियम हटाउनुपर्ने धारण राख्नु भयो । गत वर्षको भन्दा यो वर्ष बैंकको प्रगती धेरै राम्रो रहेकोले संचालक समिति तथा व्यवस्थापनलाई बधाई दिनु भयो । NPA घटाएको, Capital Adequacy बढाएको, Non Funded Business राम्रो गरेकोमा बैंकलाई बधाई दिनु भयो । Fixed Deposit मा ब्याज बढि भएकोले Cost of Fund बढि भएको, बोनश/लाभांश २०% दिनु पर्नेमा १३.१६% दिएको बताउनु भयो । संचालकको प्रतिवेदनमा दुईजना संचालकको नाम हुनुपर्ने लगायतका सुझावहरु दिनुभयो । आ.व. २०६७/६८ को आयकर अहिलेसम्म फछ्र्यौट नभएकोले सो तर्फ बैंकले पूर्ण ध्यान दिनु पर्ने बताउनु भयो । कर्मचारी तालिममा राम्रो खर्च भएको र कर्मचारीहरुलाई प्रोत्साहन दिएकोमा बधाई दिदै यसको निरन्तरता भैरहोस् भनी सुझाव दिनु भयो । शेयर कारोबार सम्बन्धमा धेरै कम्पनीको परल मोल भन्दा फेयर मूल्य कम रहेकोमा सो अनुसारको नोक्सानी व्यवस्था गरेको देखिएन भनि सो विषयमा प्रष्ट पारिदिन आग्रह गर्नु भयो ।

Siddhartha Bank

## ५. श्री व्यास कुमार शर्मा

शेयरधनी श्री शर्माले साधारणसभा NFRS को Implementation ले वार्षिक साधारण सभाका केही ढिलो हुन गएको बताउँदै समिक्षा अवधिमा ब्याजदरको उतारचढाव, मुल्यवृद्धि लगायतका कारणका बावजुद पनि बैंकले पुँजी, कर्जा, निक्षेप, लगानी लगायतमा उल्लेख्य प्रगति गर्न सफल भएको उल्लेख गर्नुभयो । बोनश तथा नगद लाभांशको सन्तुलन मिलाई सम्पूर्ण शेयरधनीहरुको हितलाई ध्यानमा राखी काम गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो ।

## ६. श्री भक्ति प्रसाद उप्रेती

शेयरधनी श्री उप्रेतीले बोनस तथा नगद लाभांशको लागी धन्यवाद दिदै वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो । शाखा बिस्तारको रफतार उत्साहजनक भएको भन्दै शाखा खोल्दा सुरक्षा प्रबन्धमा पनि ध्यान दिनु पर्ने सुझाव दिनुभयो । चालु आ.व.मा रु. ३ अर्ब ३६ करोड को संचालन मुनाफा कायम गर्दै २५ प्रतिशत बोनश दिनुपर्ने धारणा राख्नु भयो । बैकको Internal Control System/ Security System एकदम सबल बनाउँदै जानुपर्ने, ७० जनाको व्यवस्थापन समुह धेरै ठुलो भएकाले बैंकको आवश्यक्ता अनुरुपको छोटो र चुस्त व्यवस्थापन समुह बनाउनुपर्ने, Succession Planning, Job Planning तथा सरुवाको उचित व्यवस्थाको साथै राम्रो Replacement & Retention Plan ल्याउनु पर्ने धारण राख्नु भयो । संचालक समितिमा एक जना महिला संचालक हुनुपर्ने, काठमाण्डौ उपत्यका बाहिरका शाखाहरुमा महिला शाखा प्रबन्धकहरु धेरै कम भएको जानकारी गराउँदै महिलालाई उचित जिम्मेवारी दिनु पर्ने धारण राख्नु भयो ।

## ७. श्री.नरसिंह लाल चखुँ

शेयरधनी श्री चखुंले Balance Sheet को Performance मा प्रगती हुँदै गएको र लगानीकर्ताको प्रतिफलको लागी बैंक व्यवस्थापन सक्षम रहेको कुरा बताउनु भयो । उहाँले विभिन्न कम्पनीहरुमा लगानी गरी Profit Book गर्नु पर्ने, EPS बढाउनु पर्ने, Forex Management लाई थप सुधार गर्नु पर्ने, NPL लाई घटाउँदै लैजानु पर्ने, CCD Ratio लाई सन्तुलित बनाउनु पर्ने, Base Rate घटाउनु पर्ने, Return on Assets (ROA), Return on Investment (ROI) बढाउनु पर्ने, लगानीको नयाँ क्षेत्रहरु पहिचान गरी लगानी बढाउँनु पर्ने, कर्मचारीहरुलाई motivate गर्नुपर्ने जस्ता सुझाव दिनु भयो । अन्तमा, उहाँले बैकको प्रगतीको कामना गर्नुभयो ।

## ८. श्री शिव प्रसाद पौडेल

शेयरधनी श्री पौडेलले बोनश तथा नगद लाभांशको लागी धेरै धेरै धन्यवाद दिनुभयो । बैंकको सबै Financial Parameter राम्रो रहेको र वृद्धि हुँदै गएको कुरा बताउनु भयो । उहाँले बैंकको सुरक्षा नीति राम्रो हुनु पर्ने कुरामा जोड दिनु भयो । बैंकका कर्मचारीहरुलाई बेला बेलामा तालिम दिनुपर्ने तथा विशेषत: टेलर लाई आवश्यक ट्रेनिङ्ग प्रदान गरी हसिलो मिजासिलो व्यवहारको लागि उत्प्रेरित गर्नुपर्ने भनी सुझाव दिनु भयो । बैंकले लगानी गरेका शेयरहरु सही समयमा बेची नाफा बुक गर्नु पर्ने सुझाव दिनु भयो । आगामी वार्षिक साधारणसभा दशैं अघि नै होस भनि शुभकामना दिनुभयो । सिद्धार्थ क्यापिटल लि. पनि Public मा जानेबेला भएको तथा बैकको Portfolio diversification मा जोड दिदै वार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो ।

Siddhartha Bank

## ९. श्री डमरु बल्लभ घिमिरे

शेयरधनी श्री घिमिरेले वक्ता शेयरधनीलाई समय सिमा निर्धारण गरि साधारण सभाको गरिमा र महिमा कायम गरियोस् भनी सुझाव दिनु भयो । खाजाको व्यवस्था राम्रो भएको, १३.१६% को लाभांश राम्रो भएको बताउनु भयो । साथै, नगद लाभांश तथा बोनस दिने निर्णयले साना लगानीकर्तालाई पनि खुशी बनाएको उल्लेख गर्नुभयो । सुशासन, आक्रमक लगानी र राम्रो व्यवस्थापनको लागी प्रमुख कार्यकारी अधिकृत लगायत व्यवस्थापनलाई बधाई दिनु भयो । शेयरधनीहरुको सल्लाह, सुझाव कार्यन्वयन गरेकोमा खुशी व्यक्त गर्दै आगामी वार्षिक साधारण सभा तिहार सम्ममा गर्न सकोस् भनी सुझाव दिनु भयो र साधारण सभाको सफलताको कामना गर्नु भयो ।

## १०. डा.माधव कुमार श्रेष्ठ

शेयरधनी डा. श्रेष्ठले बैंकको प्रमुख सुचकांकहरु गत बर्षको भन्दा कम देखिएकाले आगामी वर्षहरुमा बढी मात्रामा प्रगती गर्दै जानु पर्ने सुझाव दिनु भयो । समिक्षा अवधिमा ४८ स्थानमा शाखाहरु विस्तार भएको र असार मसान्त २०७६ सम्ममा १७५ शाखाहरु पुऱ्याउने लक्ष्य राम्रो भएको बताउनु भयो । उहाँले दिन प्रति दिन बैंकको प्रगती होस् र शेयरधनीहरुको पनि उन्नती प्रगती हुँदै जाओस भनी कामना गर्नु भयो ।

## ११. श्री दामोदर प्रसाद रेग्मी

शेयरधनी श्री रेग्मीले बैंकले विशेष चुनौतीको बाबजुद पनि सन्तोषजनक प्रगती गरेको बताउनुभयो । यसैगरी, महिला संचालक र विशेषज्ञ संचालकको नियुक्तिको बारेमा जिज्ञासा राख्नु भयो । उहाँले बैंकले १०% नगद लाभांश र १०% बोनस दिनसक्ने अवस्था रहेकोमा ५% बोनस तथा ८.१६% नगद लाभांश मात्र दिएको उल्लेख गर्नुभयो । बैंकको Recovery योजना अनुरुप नभएको, Micro Banking तथा Deprived Sector लाई बढी प्राथमिकता दिनुपर्ने, बैकले लगानी गर्दा धेरै चनाखो भई सोच विचार गरी अध्ययन गरी अगाडी बढ्नु पर्ने सुझाव दिनुभयो । आगामी वर्ष नगद तथा बोनसको को अनुपात ५०%/५०% कायम गर्दै २५% बोनस शेयर दिनु पर्ने धारणा राख्नु भयो ।

## १२. श्री उद्धव प्रसाद घिमिरे

शेयरधनी श्री घिमिरेले वार्षिक प्रतिवेदन तयार गर्न मद्दत पुऱ्याउनुहुने आन्तरिक लेखापरिक्षक, बाह्य लेखापरिक्षक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो । NFRS अनुसार तयार गरिएको वार्षिक प्रतिवेदन राम्रो भएको, बैंकको सबै वित्तीय सूचकांकहरु राम्रो रहेको बताउनु भयो । धेरै मनन गरेर, साना लगानीकर्ता समेतको हितमा ल्याईएको नगद लाभांश र बोनस शेयरको मिश्रण प्रशंसायोग्य रहेको बताउनु भयो । अब बैंकले Virtual तथा Universal Banking अनुसार काम गर्नु पर्ने तथा Merger/Acquisition को बारेमा बैकको के कस्तो विचार रहेको छ भनि जिज्ञासा राख्नुभयो । अन्तमा, बैंकको भविष्य उज्वल छ, अझ बढी प्रगती गर्दै जाओस भनी शुभकामना दिनुभयो ।

## १३. श्री जयन्द्र मान सिंह बानिया

शेयरधनी श्री बानियाले समग्रमा बैंकका सम्पूर्ण Financial Parameter राम्रो भएको बताउनु भयो । निक्षेपमा Saving Deposit को हिस्सा ५०% बनाउनुपर्ने, Current Deposit अझ बढाउनु पर्ने धारण व्यक्त गर्नु भयो । बैंकले पञ्च वर्षिय रणनीति संचालकको प्रतिवेदनमा राख्नुपर्ने, बैंकको PE Ratio राम्रो रहेको तर त्यो अनुपातमा

२०% Dividend/Bonus प्रस्ताव गर्नुपर्नेमा सो अनुसार नगरिएको बताउनु भयो । Forex Transaction Income बढाउनुपर्ने, शेयर ब्रोकरेज कार्य जस्तै अन्य आम्दानी बढ्ने क्षेत्र खोजी गर्नु पर्ने बताउनु भयो । अन्तमा, साधारण सभामा Lunch को व्यवस्था हटाई सकेसम्म बढी भन्दा बढी Dividend दिनुपर्ने बताउनु भयो ।

### १४. श्री शिव प्रसाद शर्मा

शेयरधनी श्री शर्माले कर्जा लगानी विविधिकरण गर्नुपर्ने, आगामी वर्ष बोनस शेयर बढाउनु पर्ने, राम्रो संस्थालाई Merge/Acquire गर्नुपर्ने सुझाव दिनुभयो । Future plan अनुसार बैंकले काम गर्दै जाओस् भन्दै वार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो ।

### १५. श्री कृष्ण प्रसाद अधिकारी

शेयरधनी श्री अधिकारीले बैंकको सबै वित्तीय सुचकांकहरु सकारात्मक रहेको तर १३.१६% को लाभांश अलि कम भयो की भनी गुनासो गर्नुभयो । जलविद्युत लगानी तथा विकास कम्पनी लि., रुरल माईक्रो फाईनान्स डेभलपमेन्ट सेन्टर, तथा साना किसान बैंक लि.को नाम परिवर्तन भएकोले सोही बमोजिम वार्षिक प्रतिवेदनमा पनि सच्याउनु पर्ने, वार्षिक प्रतिवेदन नेपाली भाषामा मात्र होस् भनी सुझाब दिनु भयो । आगामी वर्ष बैंकले २५% लाभाश बाँड्न सफल होस् भनी शुभकामना दिनु भयो ।

### १६. श्री लवराज जोशी

शेयरधनी श्री जोशीले बैंकको प्रगती अनुसारनै शेयरधनीहरुले प्रतिफल प्राप्त गर्ने हुनाले सबैको भुमिका अहम रहने र सो अनुसार सबैले आ-आफ्नो भुमिका खेल्नुपर्ने कुरा बताउनु भयो । बैकको Mission, Vision र Plan अनुसार नै बैंकले काम गर्नु पर्ने बताउनु भयो । कर्मचारीहरुले अथक परिश्रम गरी शेयरधनीहरुलाई बढि प्रतिफल दिनुपर्ने सुझाव दिनुभयो । सर्वसाधरण शेयरधनीलाई पनि संस्थापक शेयरधनी सरह समान व्यवहार गर्नुपर्ने बताउनु भयो । साधारणसभामा हाजिरी व्यवस्थित गराउनु पर्ने, निर्यातमूखी संस्थालाई कर्जा दिई लागानी बढाउनु पर्ने बताउनु भयो ।

### १७. श्री चन्द्र नारायण श्रेष्ठ

शेयरधनी श्री श्रेष्ठले बैंकले यस वर्ष शेयरधनीलाई उचित प्रतिफल दिन सकेको, कम्पनी ऐन अनुसार आ.व. सम्पन्न भएको ६ महिना भित्रमा नै वार्षिक साधारणसभा गर्न सकेको तथा सामाजिक उत्तरदायित्व कोषबाट संस्थागत दायित्व पुरा गरेको भनी प्रशंसा गर्नु भयो । निक्षेपकर्ताको हित, शेयरधनीको हित, कर्मचारीप्रति बैंकले पुऱ्याएको दायित्व, मानव जनशक्तिप्रति विश्वास, बैंकप्रति आश्रित परिवारहरुको संख्यामा वृद्धि तथा राज्यको आयस्रोतमा समेत बैंकले योगदान पुऱ्याएकोमा धन्यवाद दिनु भयो ।

### १८. श्री राम गोपाल मर्हजन

शेयरधनी श्री मर्हजनले बैंकले नगद लाभांश र बोनस शेयर दिएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । आगामी वर्ष पनि राम्रो लाभांश पाउने आशा गर्नु भयो । उहाँले शाखा कार्यालयहरुलाई व्यवस्थित गर्दै लैजानु पर्ने तथा Evening Counter, Parking तथा Security को अवस्था पुनरावलोकन गर्नु पर्ने कुरा बताउनु भयो । बैंकले लगानी गरीरहेका शेयरहरु समयमै बेचेर Profit Book गर्नुपर्ने कुरा बताउनु

SiddharthaBank

भयो । उहाँले Soaltee Hotel को फेस भ्यालु सच्याउनु पर्ने बताउनु भयो । कर्मचारीहरुलाई समय सुहाउँदो तालिम दिनु पर्ने, NPA घटाउनुपर्ने सुझाव दिनुभयो । बैंकको EPS राम्रो रहेको र अझ बढोस् भनी कामना गर्नु भयो ।

**१९. श्री दिवाकर खड्का**

शेयरधनी श्री खड्काले बैंकको वित्तीय सुचकांकहरु राम्रो रहेको, १३.१६% लाभांश दिनु राम्रो भएको र आगामी वर्षमा करिब २०% को हाराहारीमा लाभांशको आशा रहेको जनाउनु भयो । बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटलसँग समन्वय गरेर शेयर लगानीबाट प्रर्याप्त आम्दानी गर्नु पर्ने कुरा बताउनु भयो । उहाँले विगतमा बाँडेको नगद लाभांश कतिपय शेयरधनीहरुले बुझ्न बाँकी रहेकोमा सो रमक Demat सँग link गराएर IPS मार्फत Transfer गरियोस् भनी सुझाव दिनु भयो । संचालकको बैठक भत्ता समय सापेक्ष भएको तथा बैंकको Corporate office यथाशिघ्र संचालनमा ल्याउनु पर्ने सुझाव दिनु भयो । साथै, वार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो ।

**११. छलफलका क्रममा उठेका बिषयहरुको जवाफ:**

संचालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०७४/०७५ को लेखापरीक्षण लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको संचालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- शेयरधनीहरुले वार्षिक साधारण सभा मार्फत तथा समय समयमा दिनु भएका सुझावहरुलाई बैंकले प्राथमिकताका साथ सम्भाव्यताका आधारमा क्रमश: कार्यान्वयन गर्दै आएको र भविष्यमा पनि त्यस्ता सुझाव कार्यान्वयन गर्दै लगिने छ ।
- बैंकले निक्षेप बढाउन विभिन्न रणनीतिहरु अपनाउदै आईरहेको छ ।
- हाल बैंक Growing Phase मा रहेको, Business Growth, शाखा संजालमा वृद्धि आदिको कारण खर्चहरु बढेको, Cost of fund लाई सन्तुलित बनाउँदै लैजाने रणनीति लिएको छ ।
- बैंकले आफ्ना राम्रो पक्षलाई अनुसरण गर्दै र कमजोरीलाई सुधार गर्दै बैंकको आफ्नै नीति योजना बमोजिम काम गर्दै जानेछ र शेयरधनीहरुलाई सकेसम्म राम्रो प्रतिफल दिन बैंक सदा प्रयत्नरत रहनेछ ।
- पूँजी वृद्धि भएपछि व्यापारमा पनि विस्तार गर्नुपर्ने चुनौती बैंक सँग रहेको छ, यसमा समग्र देशको आर्थिक गतिविधिले पनि असर पार्ने हाम्रो ठम्याइ छ । तथापि बैंकले संस्थागत शुसासन, नियन्त्रण सन्तुलन तथा दिगोपनालाई पनि ख्याल गरी योजनाबद्धरुपमा व्यवसाय विस्तार गर्दै जानेछ ।
- Cyber crime, Internet Security लाई बैंकले गम्भीरताका साथ लिदै बैंकको Information Secuirty व्यवस्थामा थप सुधार गर्दै Security Features and Security Layers बढाउँदै लगिनेछ ।
- हाल बजारमा देखा परेको तरलताको मुख्य कारणको रुपमा सरकारको पूँजीगत खर्च हुन नसक्नु नै देखिन्छ । बजारको अवस्थालाई सुक्ष्मरुपमा अनुगमन गर्दै उपयुक्त रणनीति अवलम्बन गरी बैंकले तरलताको व्यवस्थापन गर्नेछ ।
- बैंकले कुनै एक क्षेत्रमा मात्र लगानी केन्द्रिकृत नगरी सबै क्षेत्रमा सन्तुलितरुपमा लगानी गरेको छ र यसमा शेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई समेत ख्याल गरी लगानीमा क्रमश: वृद्धि गर्दै लगिनेछ ।

SiddharthaBank

- बैंकले व्यवसायिक सम्भाव्यताका आधारमा शाखा विस्तारको कार्य गरिरहेको छ । साथै, शाखा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै लैजाने तथा Evening Counter, Parking तथा Security को अवस्था पुनरावलोकन गरिनेछ ।
- बैंकले शेयरधनीहरुको सुझावलाई मध्यनजर गर्दै Micro Banking Division स्थापना गरी Deprived Sector Loans, Micro Loans लाई प्राथमिकतामा राखी बैंकिङ्ग कार्यहरु गर्दै आईरहेको छ ।
- बैंककले कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न बेला बेलामा तालिम तथा सेमिनार जस्ता कार्यहरु गर्दै आईरहेको छ ।
- NFRS प्रणाली समग्र अन्तर्राष्ट्रिय मापदण्ड भएकोले नेपालको वित्तीय क्षेत्रमा यसको प्रयोग नयाँ रहेकोमा बिस्तारै सहज हुँदै जाने छ ।
- बैंकले पञ्च वर्षीय रणनीतिको कार्ययोजना अनुरुप कार्य गर्दै आईरहेको छ र भविष्यमा पनि सोही योजना अनुरुप हिड्ने लक्ष्य लिएको छ ।
- बैंकले Current and Saving Account (CASA) मा क्रमश: सुधार गरीरहेको, Forex Income/ Deposit आवश्यक्ता अनुसार बढाँउदै लैजाने छ ।
- साधारण सभामा शेयरधनी महानुभावहरुको उत्साहजनक उपस्थितिको व्यवस्थाको लागि उचित व्यवस्था मिलाईनेछ ।
- बैंकलाई क्रमश: प्रविधयुक्त बनाउदै लैजाने तथा Business Process Reengineering Department, Research & Development Unit को अवधारणा कार्यान्वयनमा ल्याइएको छ ।
- बैंकले महिला स्वतन्त्र संचालकको नियुक्ति प्रक्रिया अघि बढाउनेछ ।
- प्रतिवेदनमा शेयरधनी महानुभावहरुले पहिल्याउनु भएका त्रुटी कमजोरी, शुद्धा शुद्धी आदिलाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं र वक्ता शेयरनीहरुलाई माईन्युट पठाउने व्यवस्था पनि मिलाईनेछ ।
- यस बैंकलाई यो अवस्थामा पुऱ्याउन शेयरधनी महानुभावहरुको सहयोग, शुभेच्छा प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

## १२. सभाको निर्णयहरु:

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक संचालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमश: पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

### (क) सामान्य प्रस्ताव

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७४/०७५ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

SiddharthaBank

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७४/७५ को वित्तीयविवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरिक्षक SAR Associates, Chartered Accountant लाई आ.व. २०७५/०७६ को लागि बैंकको लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र पारिश्रमिक वापत Statutory Audit, Tax Audit तथा Long Form Audit Report समेतको लागि एकमुष्ठ जम्मा रु. १०,००,००० (अक्षरेपी दश लाख रुपैंया) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,००० (अक्षरेपी दुई लाख रुपैंया) प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी रु ८,४६,४३,८५,२७६ को ८.१६ प्रतिशतका दरले रु. ६९,०६,९३,८३८ (अक्षरेपी उनान्सत्तरी करोड छ लाख त्रियानब्बे हजार आठ सय अडतिस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,४६,४३,८५,२७६ को ५ प्रतिशतका दरले हुने रु. ४२,३२,१९,२६४ (अक्षरेपी बयालीस करोड बत्तिस लाख उन्नाइस हजार दुई सय चौसठ्ठी रुपैया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । यसरी बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमशः ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सो का कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन/थप गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

SiddharthaBank

प्रबन्धपत्रमा गरिएको संशोधन/थप/घट

| साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुपर्नाको कारण |
|---|---|---|
| नभएको । | **दफा ३(१) को खण्ड** (च): सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफै वा सहायक कम्पनी मार्फत शेयर ब्रोकरेज सम्बन्धी कार्य गर्ने । | शेयर ब्रोकेरेज सम्बन्धी कार्य गर्नका लागि प्रबन्धपत्रमा थप व्यवस्था गर्नु पर्ने भएकाले । |
| नभएको । | **दफा ३(१) को खण्ड** (**छ**): विदेशी लगानीकर्ताहरुले नेपालका विभिन्न उद्योग र परियोजनाहरुमा ऋण लगानी गर्दा त्यस्तो ऋणको साँवा ब्याज असुली गर्ने तथा Default भएका ऋणीहरुको धितो लिलामी सम्मका प्रक्रिया पूरा गर्ने गरी समग्र ऋण व्यवस्थापनको लागि नेपाल राष्ट्र बैंकको परिपत्र बमोजिम आवश्यक एजेन्सी सेवा प्रदान गर्ने सम्बन्धी कार्य गर्न । | विदेशी ऋणको साँवा ब्याज असुली तथा Default ऋणीको ऋण व्यवस्थापक भई एजेन्सी सेवा प्रदान गर्नका लागी नेपाल राष्ट बैंकको परिपत्र बमोजिम प्रबन्धपत्रमा थप व्यवस्था गर्नु पर्ने भएकाले । |
| **दफा४ को** (ङ) : बैंकको नामबाट शेयर वा डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्नेछ । | **दफा ४ को** (ङ) : बैंकको नामबाट शेयर, डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न र बैंक आफैले शेयर, डिबेन्चर जारी गर्न सक्नेछ । | बैंकले डिबेन्चर जारी गर्न सक्ने सम्बन्धी व्यवस्थामा थप स्पष्ट गर्नुपर्ने भएकोले । |
| **५. बैंकको पूँजीको संरचना:**<br>**दफा ५(१) को खण्ड (ख)** : बैंकको जारी पुँजी रु. ८,४६,४३,८५,२७२/- ( आठ अर्व छयालीस करोड त्रीचालीस लाख पचासी हजार दुई सय बहत्तर रुपैया) हुनेछ । | **५. बैंकको पूँजीको संरचना:**<br>**दफा ५(१) को खण्ड (ख) :**<br>बैंकको जारी पुँजी रु. ८,८८,७६,०४,५३६/- ( आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैया) हुनेछ । | बैंकले ५ प्रतिशत बोनश शेयर प्रदान गर्ने निर्णय बमोजिम जारी पुँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| **दफा ५(१) को खण्ड** (**ग**) : बैंकको चुक्ता पुँजी रु. ८,४६,४३,८५,२७२/- ( आठ अर्व छयालीस करोड त्रीचालीस लाख पचासी हजार दुईसय बहत्तर रुपैया) हुनेछ । | **दफा ५(१) को खण्ड** (**ग**) **:**<br>बैंकको चुक्ता पुँजी रु. ८,८८,७६,०४,५३६/- ( आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैया) हुनेछ । | बैंकले ५ प्रतिशत बोनश शेयर प्रदान गर्ने निर्णय बमोजिम चुक्ता पुँजी वृद्धि गर्नु पर्ने भएकोले । |

नियमावलीमा गरिएको संशोधन/थप/घट

| साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुपर्नाको कारण |
|---|---|---|
| **नियम १२.संचालक समितिको बैठक** | **नियम १२. संचालक समितिको बैठक**<br>(१५) संचालक समिति वा संचालक स्तरीय समितिको बैठकमा कुनै संचालक भौतिक रुपमा उपस्थित हुन नसक्ने भएमा भिडियो कन्फेरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत संचालक समिति वा संचालक स्तरीय समितिको बैठकमा भाग लिन सक्नेछन् । | भिडियो कन्फेरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत पनि संचालक समिति वा संचालक स्तरीय समितिको बैठक गर्न उपयुक्त ठानिएकाले । |
| १२. (१५) संचालक समिति सम्बन्धी अन्य कुराहरु प्रचलित कानूनमा व्यवस्था भए अनुरुप हुनेछ । | १२. (१६) संचालक समितिको बैठक सम्बन्धी अन्य कुराहरु प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन लगायतका प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । | साविक उपनियम (१५) लाई खारेज गरी सो लाई संशोधन गरी उपनियम (१६) थप गरी सोही अनुसार क्रम मिलाउनु पर्ने भएकोले । |
| **३१.१ (क) संचालहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :**<br><br>(१) प्रति बैठक अध्यक्षलाई रु. १२,००० का दरले र संचालकलाई रु. १०,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । | **३१.१ (क) संचालहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :**<br><br>(१) प्रति बैठक अध्यक्षलाई रु. १५,००० का दरले र संचालकलाई रु. १२,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत बैठकमा भाग लिने संचालकलाई बैठक भत्ता दिईने छ तर त्यस्तो बैठकको लागि दैनिक भत्ता दिईने छैन । | • नियमावलीको संशोधन २०७२ मिति २०७२।१२।३० गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपनियम (१) र (२) संशोधन भई अभिलेख गरी पठाएकोमा उपनियम (२) मा अन्य व्यवस्था भएको र मिति २०६४।०९।२७ मा भएको संशोधन अभिलेख अनुसार उपनियम (२) यथावत नै कायम रहिरहेको अवस्थामा मिति २०७२।१२।३० मा भएको संशोधन अभिलेखले खारेज नगरे पनि २०६४।९।२७ मा भएको संशोधन अभिलेख प्रतिस्थापन भएको जस्तो देखिएको कारणले मिति २०७२।१२।३० मा भएको |
| (२) काठमाण्डौ उपत्यका बाहिरबाट संचालक समितिको बैठकमा भागलिन आउनुहुने संचालकहरुको लागि आतेजाते हवाई जहाजको लागेको वास्तविक भाडा (एयरपोर्ट ट्याक्स समेत) को अलावा खान बस्न तथा अन्य भैपरी आउने खर्च वापत दैनिक रु. ५,०००/- बढीमा दुई दिन सम्मको भत्ता दिईनेछ । | (२) काठमाण्डौ उपत्यका बाहिरबाट संचालक समिति वा संचालक स्तरीय समितिको बैठकमा भाग लिन आउनु हुने संचालकहरुको लागि आतेजाते हवाई जहाजको लागेको वास्तविक भाडा (एयरपोर्ट ट्याक्स समेत) को अलावा खान बस्न तथा अन्य भैपरी आउने खर्च बापत बैठक बसेको दिनको दैनिक रु. १०,०००/- भत्ता दिईनेछ । | |

| | | |
|---|---|---|
| (२) पत्रपत्रिका तथा संचार खर्च वापत संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई प्रति महिना एकमुष्ठ रु. १०,००० उपलब्ध गराईनेछ । | (३) पत्रपत्रिका तथा संचार खर्च वापत संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई प्रति महिना एकमुष्ठ रु. १५,००० उपलब्ध गराईनेछ । | संशोधन अभिलेख यथावतनै राखी नियमावलीको ३१(क) को साविक उपनियम (२) ( २०६४।९।२७ मा भएको संशोधन अभिलेख) लाई उपनियम नम्बर संशोधन गरी (३) गर्नुपर्ने भएको र साविकको व्यवस्थामा थप प्रष्ट पार्न उपयुक्त भएकाले<br>• संचालकको बैठक भत्ता, दैनिक भत्ता, पत्रपत्रिका तथा संचार खर्च समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले ।<br>• भिडियो कन्फेरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत पनि संचालक समिति वा संचालक स्तरीय समितिको बैठक गर्ने व्यवस्था थप गरिएकाले । |

| **साविकको व्यवस्था** | **संशोधित तथा थप व्यवस्था** | **संशोधन तथा थप गर्नुपर्नाको कारण** |
|---|---|---|
| **३१.(ख)** बैंकको कामको सिलसिलामा विदेश वा स्वदेश भ्रमण गर्दा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमणभत्ता देहाय बमोजिम हुनेछ ।<br><br>१) बिजनेश क्लास हवाई भाडा, एयरपोर्ट ट्याक्स र सम्पुर्ण ट्याक्सी भाडा भ्रमण अवधिभरको उपलब्ध गराउने ।<br><br>२) बैंकले आवासको लागी पाँचतारे होटलको खर्च तथा धुलाई खर्च (लण्ड्री) वापत भ्रमण गर्ने क्षेत्र हेरी यथासम्भव निम्न सिमासम्मको रकम उपलब्ध गराउने । साथै बैंकले खानको लागी प्रदान गर्ने रकम वापत भ्रमण क्षेत्र हेरेर निम्न तालिकाका उल्लेखित दरले दैनिक भत्ता दिईनेछ । | **३१.(ख)** बैंकको कामको सिलसिलामा विदेश वा स्वदेश भ्रमण गर्दा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :<br><br>१) एयरपोर्ट ट्याक्स सहितको बिजनेश क्लास हवाई भाडा र वास्तविक ट्याक्सी खर्च<br><br>२) देहायमा उल्लेख गरे बमोजिम होटल तथा दैनिक भ्रमण भत्ता | संचालकको विदेश वा स्वदेश भ्रमण भत्ता तथा खर्च समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले । |

| क्र. सं | क्षेत्र हरु | ठाँउ | होटल खर्च | दैनिक भत्ता तथा खर्च |
|---|---|---|---|---|
| १. | क्षेत्र नं १ | अमेरिका, बेलायत, जापान | USD $ २५० | USD $ १५० |
| २. | क्षेत्र नं २ | क्षेत्र नं १ तथा सार्कका सदस्य देशहरु बाहेक अन्य सबै देशहरु | USD $ २०० | USD $ १५० |
| ३. | क्षेत्र नं ३ | नेपाल र भारत वाहेक सार्कका अन्य देशहरु | USD $ २०० | USD $ १२० |
| ४. | क्षेत्र नं ४ | भारत | भा.रु. १०,००० | भा.रु २,००० |
| ५. | क्षेत्र नं ५ | नेपाल | रु. ५,००० | रु. ३,००० |

| क्र. सं | क्षेत्र हरु | ठाँउ | होटल खर्च | दैनिक भ्रमण भत्ता |
|---|---|---|---|---|
| १. | क्षेत्र नं १ | नेपाल र भारत बाहेक अन्य देशहरु | वास्तविक खर्च वा USD $ ५०० मध्ये न्युनतम रकम | USD $ २०० |
| २. | क्षेत्र नं २ | भारत | वास्तविक खर्च वा भा.रु. १५,००० मध्ये न्युनतम रकम | भा.रु. ५,००० |
| ३. | क्षेत्र नं ३ | नेपाल | वास्तविक खर्च | ने.रु. ५,००० |

| साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुपर्नाको कारण |
|---|---|---|
| **नियम ३५.ऋण वा डिबेन्चर सम्बन्धी व्यवस्था:** बैंकले ऋण वा डिबेन्चर उठाउन आवश्यक ठानेमा प्रचलित कम्पनी सम्बन्धी कानून तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा भएको व्यवस्थाको अधिनमा रही ऋण वा डिबेन्चर उठाउन सक्नेछ । | **नियम ३५. ऋण वा डिबेन्चर सम्बन्धी व्यवस्था:** बैंकले ऋण तथा डिबेन्चर उठाउन वा आवश्यकता अनुसार जारी गर्न आवश्यक ठानेमा प्रचलित कम्पनी सम्बन्धी कानुन, धितोपत्र सम्बन्धी कानुन र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा भएको व्यवस्थाको अधिनमा रही संचालक समितिको निर्णय बमोजिम ऋण, डिबेन्चर उठाउन वा जारी गर्न सक्नेछ । | संचालक समितिको निर्णय बमोजिम बैंकले ऋण, डिबेन्चर जारी गर्न सक्ने व्यवस्था थप गर्न उपयुक्त भएकोले । |

**३.** माथि विषेश प्रस्ताव नं. १ बमोजिम बोनस शेयर प्रस्ताव गरिएकोमा सोही हदसम्म बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४.** विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो :

- प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेको प्राकृतिक प्रकोप उद्धार कोषलाई रु. ११,५०,००० /-

- पोखराको सृजनाचोकमा अवस्थित सोलार ट्राफिक आईल्याण्ड स्थापनाको लागि रु. ५,९३,२५०/-
- रोटरी डिस्ट्रिक ३२९२ लाई रु. ५,८८,२३५.२९/-
- राउण्ड टेबल नेपाललाई रु. २,५०,०००/-
- नेपाली सैनीक भैरवनाथ गणलाई रु.२,३५,२९४.१२ /-
- नेपाल आँखा अस्पताललाई रु. १,१०,००० /-
- चितवनको टाँडी स्थित श्री कृष्ण प्रणामी मन्दिरलाई रु. १,०५,०००/-
- सैनिक श्रीमती संघलाई रु. १००,०००/-
- ग्रामिण स्वास्थ्य तथा शिक्षा सेवा कोष (Rural Health and Education Services Trust (RHEST) लाई रु. २,५०,०००/-
- गलेश्वरधाम जेष्ठ नागरीक आश्रम, बेनीलाई रु. २,११,१०१ /-
- Teach for Nepal लाई रु.५,००,००० /-
- Social Service Awarness Raising and Advocacy for Tranquility and Humanity (SAATH) लाई रु. १,००,०००/-
- वातावरण सुधार समिती, ललितपुर महानगरपालिका वडा नं १५ लाई रु. २,७५,००० /-

**(ग) विविध**

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. सभा विसर्जन :**

अध्यक्षज्यूले उत्साह एवं उमंगकासाथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुऱ्याउने गरी आफुहरुले कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दै सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा पुनः सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालकहरु, आमन्त्रीत महानुभावहरु, कर्मचारी वर्गका साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्बन्धित सबैलाई धन्यवाद दिदैं अपरान्ह २:३० बजे सभा विसर्जन गर्नु भयो ।

........................
**लक्ष्मण घिमिरे**
**(कम्पनी सचिव)**

SiddharthaBank

........................
**मनोज कुमार केडिया**
**(अध्यक्ष)**

मिति : २०७५/०९/२३